जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १५४ पृष्ठः ४ | २०८२ असोज २३ गते बिहीबार (Thursday 09 Oct. 2025) | मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com


सिरहाको लहान नगरपालिका- १५ स्थित ढोड्नामा अवस्थित राजदेवी मन्दिर। फोटोः सुदिप राउत

## दुई पूर्वमन्त्रीसहित सात जना विरुद्ध भ्रष्टाचार मुद्दा दर्ता



काठमाडौं, २२ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लामो समयदेखि चर्चामा रहेको पोखराको लिची बगान जग्गा घोटाला प्रकरणमा गहन छानबिनपछि दुई पूर्वमन्त्रीसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको छ। अख्तियारले आरोपितहरूविरुद्ध मुद्दा दायरका लागि विशेष अदालतमा रुजु प्रक्रिया पूरा गरेको हो। अख्तियारले जग्गा हिनामिनाको यस प्रकरणमा संलग्न पूर्वमन्त्री राजकुमार गुप्ता र रञ्जिता श्रेष्ठ सँगै अन्य ५ जना गरी कुल ७ जनाविरुद्ध ७८ लाख रुपैयाँ बिगो मागदाबी गरेको छ।

अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले विशेष अदालतमा मुद्दा दायर भइसकेको पुष्टि गर्दै भ्रष्टाचार निवारण ऐनअनुसार कारबाही प्रक्रिया अगाडि बढेको जानकारी दिए। पूर्वमन्त्रीद्वय र बिचौलियासहितका व्यक्तिको बीचमा भएको भनिएको घूस लेनदेनको विषयमा अडियो सार्वजनिक भएपछि अख्तियारले यो प्रकरणमा अनुसन्धान सुरु गरेको थियो। जग्गा अनियमितता, पदको दुरुपयोग र आर्थिक लाभ लिने उद्देश्यले सार्वजनिक सम्पत्तिमा हानि पुर्याएको आरोपमा उनीहरूमाथि मुद्दा चलाइएको अख्तियारले जनाएको छ।

## लहान नगरपालिकाद्वारा आँखाका रोगीको निःशुल्क उपचार

सिरहा, २२ असोज। यहाँको लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको सहकार्यमा पछिल्लो तीन वर्षयता आँखासम्बन्धी समस्या भएका नगरबासीको निशुल्क उपचार गर्दै आएको छ।

पछिल्लो तीन आर्थिक वर्षमा मात्र १५ हजार आँखाका रोगीको निःशुल्क उपचार गरेको नगरपालिकाले जनाएको छ। तीमध्ये दुई हजार जनाको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ।लहान-१५ ढोड्नामा आज सञ्चालन गरिएको निःशुल्क आँखा जाँच शिविरको




उद्राटन गर्दै नगरप्रमुख महेश प्रसाद चौधरीले भने, "कोही पनि नगरवासी आर्थिक अभावमा आँखाको समस्याबाट पीडित नहुन् भनेर हामीले यो कार्यक्रमलाई निरन्तरता दिएका छौं।

यसमा लागेको सम्पूर्ण खर्च नगरले बेहोर्ने छ। यस वर्ष पनि वडा नम्बर १५ बाट सुरुआत भइसकेको छ र नगरका २४ वटै वडामा शिविर सञ्चालन गरिनेछ।"

कार्यक्रममा सगरमाथा चौधरी आँखा अस्पतालका अध्यक्ष रवीन्द्रलाल चौधरीले 'तमसो मा ज्योतिर्गमय' भन्ने नारासहित अस्पतालले हरेक वर्ष करिब २५ लाख आँखाका बिरामीको उपचार गरिरहेको जानकारी दिए। उनले विभिन्न स्थानीय तहसँगको सहकार्यमा अस्पतालले दक्ष जनशक्ति र प्रविधिसहित आँखा जाँच शिविरलाई निरन्तरता दिइरहेको बताए।

त्यसैगरी अस्पतालका प्रशासन प्रमुख अभिषेक रोशनले हालका दिनमा वृद्धि भएको मधुमेहका कारण आँखाका रोग विकराल बन्दै गएकाले हरेक छ महिनामा आँखाको जाँच गराउन आग्रह गरे। स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीले समयमै आँखाको जाँच गरिए अन्धोपनबाट बच्न सकिने भएकाले सचेतना फैलाउनुपर्नेमा जोड दिए।

## सिरहामा राष्ट्रिय परिचयपत्र बनाउने समय परिवर्तन




सिरहा, २२ असोज। जिल्ला प्रशासन कार्यालय सिराहाले राष्ट्रिय परिचयपत्र बनाउने समय परिवर्तन गरेको छ। जिप्रका सिरहाका अनुसार सेवाग्राहीको अत्यधिक भीडका कारण आजदेखि राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा बिहान ७

**-बाँकी तीन पेजमा**



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं।**

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## अब राजनीतिक दलसँग संवाद सुरु होस् !

सरकारले लय नसमाएको हो कि बाटो बिराएको हो भनेर जनता अन्योलमा परेका बेला प्रधानमन्त्री सुशीला कार्कीले मंगलवार निर्वाचन आयोगका पदाधिकारीसँग छलफल गरी चुनावको तयारीमा लाग्न निर्देशन दिएकी छन्। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा भङ्ग गर्दा आउँदो फागुन २१ गते मतदान हुनेगरी निर्वाचनको घोषणा पनि गरेका थिए।

प्रधानमन्त्री कार्कीले वर्तमान सरकारले निर्वाचनलाई प्राथमिकता दिएकोमा पनि जोड दिएकी छलफलमा सहभागी आयोगका पदाधिकारीले जानकारी दिएका छन्। आन्दोलनकारीका रुपमा देखापरेका व्यक्ति र समूहले संविधान खारेजीलगायतका विभिन्न माग गरिरहेका र कुनै समूह विशेषका नामबाट अर्को आन्दोलनको आह्वान भइसकेको सन्दर्भमा हेर्दा प्रधानमन्त्री कार्कीको तदारुकता सराहनीय देखिन्छ।

निर्वाचन आयोग तयार नभई चुनाव हुनसक्दैन। यसैले निर्वाचन आयोगका पदाधिकारीसँग छलफल गर्नु उचित हो। तर, आयोगले निर्वाचनको प्राविधक र प्रशासनिक पक्षको व्यवस्थापन गर्नेमात्र हो भने चुनाव राजनीतिक अनुष्ठान हो। यसैले निर्वाचनको वातावरण बनाउन आयोगले प्राविधिक तयारी र छलफल गरेसँगै सरकारले पनि राजनीतिक दलहरुलाई विश्वासमा लिने वातावरण बनाउनुपर्छ।

निर्वाचन आयोगले यही असोज २० गते राजनीतिक दलहरूसँग छलफल गर्न लागेको छ। यसअघि नै आयोगले निर्वाचन कार्यक्रमको उपक्रम सार्वजनिक गरिसकेको छ। राजनीतिक दलसँग हुने छलफलबाट आयोगको विश्वसनीयता बढ्न सक्छ। तर, पुराना राजनीतिक दलहरूप्रति सरकार निकट देखिएकाहरूबाट व्यक्त कटु अभिव्यक्ति र उत्तेजक नाराका कारण विश्वासको वातावरण बन्न सजिलो भने देखिँदैन।

ठूला राजनीतिक दलका सबैजसो प्रमुख नेताहरूको निजी निवासलगायतका सम्पत्तिमा तोडफोड र लुटपाट भएको छ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र पराराष्ट्रमन्त्री डा. आरजु राणा देउवामाथि त सांघातिक आक्रमणसमेत भयो। सरकारी र निजी सम्पत्तिमा लुटपाट र आगजनी गर्नेहरूमाथि गृह मन्त्रालयले कारबाही गर्न रोकेर सरकारको नियतमा शंका हुने अवस्था बनाएकाले पनि दलहरू चुनावको निष्पक्षताप्रति ढुक्क हुन मुस्किल देखिन्छ।

प्रहरी चौकी जलाउने, प्रहरीको हत्या गर्ने, बर्दी र हतियार लुट्नेलगायतका व्यक्तिहरूमाथि सुरु गरिएको कारबाही गृह मन्त्रालयले जेन–जी आन्दोलनमा भएको दमन र विध्वंश तथा लुटपाटको छानबिन गर्ने न्यायिक आयोगको कार्यक्षेत्र भन्दै रोकेको थियो। तर, न्यायिक आयोगका अध्यक्षले भने फौजदारी मामिलामा कारबाही गर्न आयोगको कारण रोकिनु नपर्ने स्पष्ट पारेका छन्।

निर्वाचनका निम्ति उचित वातावरण बनाउन राजनीतिक दलका नेता कार्यकर्ताका लागि सुरक्षाको विश्वास दिलाउन र स्वयं प्रहरीको पनि मनोबल सुदृढ बनाउनु आवश्यक हुन्छ। ठूला राजनीतिक दलहरू सहभागी भएनन् वा सुरक्षितरूपमा भाग लिने अवस्था भएन भने त्यस्तो निर्वाचन औचित्यहीन हुन्छ। यसैले पुराना राजनीतिक दललगायत सबैले निर्वाचनमा स्वतन्त्रतापूर्वक भाग लिने वातावरण बनाउनु आवश्यक छ।

त्यसका लागि दलका प्रतिनिधिहरूसँग प्रधानमन्त्री कार्की स्वयंले वार्ता गर्नुपर्छ भने सरकारले भदौ २३ र २४ गते भएका कानुनविपरीतका सबै कसुरमा कारबाही गर्ने प्रहरीको अग्रसरतामा हस्तक्षेप गर्नु हुँदैन। पुराना राजनीतिक दलका शीर्ष नेताहरूप्रति जनताका आक्रोश र वितृष्णा होला तर बिर्सन नहुने के छ भने अधिकांश स्थानीय सरकारहरू उनीहरूकै नेतृत्वमा सञ्चालित छन्।

विगतका लगभग सबै निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (एमाले)ले लोकप्रिय मतमा पनि बहुमत पाएका छन्। यसैले पुराना राजनीतिक शक्तिहरू शक्तिहीन भइसके र तिनालाई दमन वा उपेक्षा गर्न सकिन्छ भन्ने ठान्नु आत्मघाती मूर्खता हुनेछ। यसैले अन्तरिम सरकारको सफल अवतरण होस् भन्ने चाहने हो कानुन व्यवस्था स्थापित गर्न सबैभन्दा पहिले ध्यान दिनुपर्छ। निर्वाचनको अपरिहार्य आवश्यकता शान्ति सुरक्षाको प्रत्याभूति हो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सामान्य विवादले ठूलो रुप लिँदा दलित बस्तीमा तोडफोड र लुटपाट



**सुदिप राउत**
सिरहा, २२ असोज।

यही असोज १ गते विश्वकर्मा पूजाका क्रममा भएको एउटा विवादले ठूलो रुप लिँदा कल्याणपुर नगरपालिका–८ स्थित अरङ गाउँको ठूलोपोखरी डिलमा पाँच दलित परिवार समस्यामा परेका छन्। विश्वकर्मा पूजामा गाउँमा आर्केस्ट्रा ल्याइएको थियो। आर्केष्ट्रामा नाचगान गर्ने क्रममा भएको सामान्य विवादपछि दलित परिवारका घरमा तोडफोड तथा लुटपाट भएको छ। पीडितका अनुसार नाचगानका क्रममा केहीले मदिरा पनि सेवन गरेका थिए। यसैक्रममा केही दलित युवा र स्थानीय प्रभाषसिंह राजपुतबीच भनाभन भयो। सुरुमा सामान्य लागेको विवाद यत्तिकै सुल्झिएन। दलित परिवारमा बस्तीबाट उठाइदिने धम्की समेत आयो। धम्की आएपछि दलित परिवार सुरक्षा माग गर्दै इलाका प्रहरी कार्यालय, कल्याणपुर पुगेका थिए।

प्रहरीले विवाद समाधान गर्न यही असोज १२ मा छलफल राखेको थियो। तर त्यस दिन छलफल नभएपछि अर्को छलफल असोज २१ गतेका लागि तोकिएको थियो। उक्त छलफल हुनुअघि अर्थात् असोज १७ गते शुक्रबार दिउँसो करिब २ बजेतिर २०/२५ जनाको समूहले दलित बस्ती तहसनहस पार्‍यो। उक्त समूहले पाँचवटा दलितका घरमा तोडफोड र लुटपाट गरेको पीडित सोभित पासमानले बताउनुभयो। “तोडफोड र लुटपाटको समयमा इलाका प्रहरी कार्यालय कल्याणपुरका केही प्रहरी घटनास्थलमै थिए, तर कसैले केही बोलेन। उनीहरुले रोक्ने प्रयास पनि गरेनन्, यसले हामीलाई थप भयभित बनायो”, उहाँले भन्नुभयो।

पीडितहरूका अनुसार, अशोक पासमानको घरबाट चार आना सुन र ३० तोला चाँदीका गहना, राजकुमार पासमानको घरबाट खाद्यान्न, रासलाल पासमानको घरबाट खाद्यान्नका साथै चार आना सुन, १० तोला चाँदीका गहना र रु १८ हजार र बिन्दे पासमानको घरबाट २० तोला चाँदी, दुई आना सुन र रु तीन हजार लुटिएको छ। त्यस्तै, खाना पकाउने भाँडा, लत्ताकपडादेखि बगैंचाबाट आँप, अम्बा, केरा र कागतीका बोटमा पनि क्षति पुर्‍याइएको छ। पीडित राजकुमार पासमानका अनुसार पाँचवटा परिवारका ३० जनाको परिवार अहिले अलपत्र अवस्थामा छ।

घटना भएको भोलिपल्ट प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी र जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्मा बस्तीमा पुग्नुभएको थियो। उहाँहरुले स्थलगत अनुगमनपछि पीडित परिवारलाई त्रिपाल, कम्बल र झुल वितरण गर्नुभएको थियो।

**१३ जनाविरुद्ध जाहेरी**

बस्तीमा भएको तोडफोड र लुटपाट प्रकरणमा वडाध्यक्ष रामकिशोर यादवसहित १३ जनाविरुद्ध किटानी जाहेरी परेको छ। पीडितहरूले इलाका प्रहरी कार्यालय मिर्चैयामा सोमबार आपराधिक उपद्रवसम्बन्धी जाहेरी दिएका हुन्। उनीहरूले वडाध्यक्ष यादव, प्रभास सिंह, कलास सिंह, रामनारायण सिंह, मुस्तफा राइन, गणेश कामतीलगायतका व्यक्तिविरुद्ध तोडफोड, लुटपाट र दुरुत्साहनको आरोप लगाएका छन्।

**वडाध्यक्षसहित तीन जना पक्राउ**


प्रहरीले वडाध्यक्ष यादवलाई भिडलाई उक्साएको आरोपमा नियन्त्रणमा लिएको छ। यादवलाई गत शनिबार नै इलाका प्रहरी कार्यालय, मिर्चैयाबाट पक्राउ गरी हिरासतमा राखिएको हो। इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले जाहेरीमा समेत नाम उल्लेख रहेका वडाध्यक्ष यादवसहित कामती र कलासलाई पक्राउ गरिसकेको र अन्यको खोजतलास र अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

**पीडित परिवारलाई नगरपालिकाको राहत**

पीडित परिवारलाई नगरपालिकाले सोमबार राहत सामग्री प्रदान गरेको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवका अनुसार, प्रतिपरिवार २५ किलो चामल, पाँच किलोका दरले दाल, चिउरा, मुरही, सोयाबिन, आलु, प्याज, आटालगायतका सामग्री उपलब्ध गराइएको छ। पीडित परिवारको आवासका लागि समेत पहल भइरहेको जानकारी दिँदै कार्यबाहक नगर प्रमुख रेखादेवी यादवले भन्नुभयो, “उहाँहरूलाई तत्कालका लागि राहत दिएका छौं, आवासको व्यवस्थापनबारे नगरपालिकामा छलफल भइरहेको छ।”

# साइबर ब्यूरोमा डेढ घण्टा बयान दिएका एमाले नेता महेशको मुद्दा के हो ?

### शोभा पाठकले ब्यूरोमा दिएको उजुरीमाथि भने कुनै कारबाही नै भएको थिएन। बरु उक्त उजुरी ३१ भदौमा तामेलीमा राख्न पठाइयो।



काठमाडौं, २२ असोज। साइबर अपराधको कसुरमा नेकपा एमालेका पोलिटब्यूरो सदस्य महेश बस्नेतले आज बुधबार डेढ घण्टासम्म लिखित बयान दिए। प्रहरीको केन्द्रीय साइबर ब्यूरो भोटाहिटीमा पुगेर पुगेर उनले डेढ घण्टा बयान दिए। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँको निर्देशनपछि ब्यूरोले नेता बस्नेतलाई बयानका लागि बोलाएको थियो। सोही अनुसार उनी बुधबार बिहान ब्यूरोको कार्यालयमा हाजिर भएर लिखित बयान दिएको ब्यूरोका एसपी तथा प्रवक्ता दीपक राज अवस्थीले बताए।

ब्यूरो स्रोतका अनुसार, बस्नेतले डेढ घण्टासम्म लिखित बयान दिए। सरकारी वकिल कार्यालयले नै पठाएको प्रश्नको उनले लिखित जवाफ दिए। बस्नेत अहिले प्रहरी कार्यालय उपस्थित भएर बयान दिनुपर्ने कारण बुझ्न केही अघिको घटनामा फर्कनुपर्छ। धादिङ घर भएकी शोभा भनिने जानुका पाठकले बस्नेतविरुद्ध साइबर ब्यूरोमा उजुरी दिएकी थिइन्। पाठकले ब्यूरोमा दिएको उजुरीमाथि भने कुनै कारबाही नै भएको थिएन। बरु उक्त उजुरी ३१ भदौमा तामेलीमा राख्न पठाइयो। बस्नेतले आफ्नै

–बाँकी तीन पेजमा

# मिर्चैया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**मिर्चैया, सिरहा**

**मधेश प्रदेश, नेपाल**

### सुची दर्ता गराउने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/२३**

यस मिर्चैया नगरपालिका कार्यालयका लागि आ.ब. २०८२/०८३ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्यहरु तथा सेवा प्राप्त गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम १८ को प्रयोजनार्थ मौजुदा सुची (Standing List) तयार गर्नुपर्ने भएकाले उक्त कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स तथा परामर्शदाताले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र रित पूर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूचीकृत गर्नुपर्ने सेवाको विवरण**

**(क)सामान खरिद, तथा आपूर्ति कार्य**

१. मसालन्द तथा कार्यालय सामानहरु
२. छपाई सम्बन्धी कार्यहरु
३. पत्र–पत्रिका तथा पुस्तकहरु
४. निर्माण सामाग्री आपुर्ति सम्बन्धी कार्य
५. फर्निचर तथा फिक्सचर सम्बन्धी सामानहरु
६. मेसनरी तथा बिद्युत्तिय उपकरणहरु (कम्प्यूटर, ल्यापटप, प्रिन्टर, टोनर कार्टिज, फोटोकपी मेशिन, यु.पि.एस आदि आपूर्ति।
७. सवारी साधन (मोटरसाईकल तथा चार पांग्रे सवारी साधन) पार्टपूर्जाहरु आपूर्ति समेत
८. साना तिना निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य
९. ईलेक्ट्रिकल तथा ईलेक्ट्रोनिक्स सामाग्रीहरु
१०. ह्युम पाईप निकासा सम्बन्धी
११. स्वास्थ्य उपकरण तथा औषधी
१२. कोष उपपको बिउ बीजन तथा सामाग्रीहरु
१३. पशु स्वास्थ्यको औषधी तथा सामाग्रिहरु लगायत अन्य खरिद तथा आपूर्ति कार्यहरु।

**(ख) मर्मत तर्फ**

१. सवारी साधन (मोटरसाईकल, ट्र्याक्टर, एक्साभेटर, रोलर, चार पांग्रे सवारी साधन)
२. मेसेनरी तथा बिद्युत्तिय उपकरण (कम्प्युटर, ल्यापटप, प्रिन्टर, टोनर कार्टिज, फोटोकपी मेसिन, यु.पि.एस, आदि आपूर्ति।
३. भवन तथा भौतिक संरचना,
४. फर्निचर तथा फिक्चर्स

**(ग) सेवा वा परामर्शदाता**

१. विभिन्न तालिम गोष्ठी आदि संचालन
२. सूचना विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी
३. सफ्टवेयर र दक्ष जनशक्ति सप्लाई सम्बन्धी
४. सम्भाव्यता तथा वातावरणीय अध्ययन
५. अन्य विविध परामर्श सेवा
६. सूचना प्रविधि सम्वन्धि विभिन्न परामर्श सेवा
७. प्राविधिक तथा कार्यालयलाई आवश्यक अन्य परामर्श सेवा।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**

१. फर्म दर्ता प्रमाण पत्रको छाँया प्रति
२. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको छाँया प्रति
३. मु.अ.क.(VAT) तथा स्थायी लेखा दर्ता (PAN) प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी
४. कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र।

माथि उल्लेखित बस्तु तथा सेवा आदिमा प्रत्येक विषयगत छुट्टाछुट्ट दरखास्त दर्ता गराउनु पर्नेछ। रीत नपुगी र म्याद नाघी आएको दरखास्तलाई मान्यता दिईने छैन। प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

**यस समबन्धि सूचना कार्यालयको website www.mirchaiyamun.gov.np मा हेर्न सकिन्छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**
**मिर्चैया नगरपालिका**


## साइबर ब्यूरोमा...

फेसबुकबाट 'नेपालको राजनीतिमा एउटा...पछिल्लो अवस्थामा जहाँ पनि छरपष्ट बौलाउँदै हिँडिरहेको छ भन्दै' अमर्यादित शब्द लेखेर पोस्ट गरेका थिए। यतिमात्रै होइन महेश बस्नेत फ्यानक्लबबाट अश्लिल म्यासेज गरिएको थियो। बस्नेतले आफूमाथि सामाजिक सञ्जालमार्फत गालीजलौज गरेको भन्दै पाठकले जाहेरी दिएकी थिइन्। उनै पाठकले दिएको जाहेरी तामेलीमा राख्ने नभई अनुसन्धान गर्न भन्दै ५ असोजमा सरकारी वकिल कार्यालयले प्रहरीलाई निर्देशन दिएको थियो।

जिल्ला न्यायाधीवक्ता उदयचन्द अधिकारीद्वारा हस्ताक्षरित पत्रमा 'यसबारे प्रतिवादी महेश बस्नेतविरुद्ध कागज गराई खुलाउने र उनको नाममा खोलिएको फ्यान क्बल कसको नाममा खोलिएको छ सो समेत अनुसन्धान गरी राय पश गर्न' भन्दै निर्देशन भएको थियो। सोही निर्देशन अनुसार प्रहरीले अहिले बस्नेतमाथि लिखित बयान दिएको हो। पाठक पनि कुनै समय नेकपा एमालेमै आवद्ध थिइन्। त्यतिबेला बस्नेत र पाठक नजिक रहेको सम्बन्धमा दरार आएपछि आरोप प्रत्यारोपमा उत्रिएका थिए।

यो प्रकरणमा अहिले बस्नेतमाथि विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अनुसार अनुसनधान अघि बढाइएको छ। ऐनको दफा ४७ मा विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन गर्न नहुने उल्लेख छ। दफा ४१ को (१) मा 'कम्युटर, इन्टरनेट लगायत विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनि रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्धेक्ष फैलाउने वा विभिन्न जात, जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने, वा यस्तै अन्य कुनै किसिमका अमर्यादित कार्य गर्ने वागर्न लगाउन नहुने' उल्लेख छ।

यस्तो कार्य गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कै वा दुबै सजाय हुनसक्ने व्यवस्था ऐनमा उल्लेख गरिएको छ।

## साइबर ब्यूरोमा...

बजेबाट नै सुरु गरिएको हो। दसैं मनाउन घर आएकाहरूले परिचयपत्र बनाउँदा कार्यालयमा चाप बढेको हो। सेवाग्राहीको चाप बढेकाले सेवाको समय अगाडि सारिएको जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जनाएका छन्।

उनका अनुसार अहिले दुई सय ५० देखि तीन सय जनाले राष्ट्रिय परिचयपत्र बनाउने गरेका छन्। यो पहिलेको तुलनामा दोब्बर हो। सहायक प्रमुख जिल्ला अधिकारी बरालले जारी गरेको सूचनामा अर्को सूचना प्रकाशित नभएसम्मका लागि यही समय तालिका लागू हुने उल्लेख छ। कार्यालयले सेवाग्राहीलाई समयमै उपस्थित भई आवश्यक सेवा लिन अनुरोध समेत गरेको छ।

# भूमि पेडनेकरलाई सताएको छालासम्बन्धी समस्या 'एक्जिमा' के हो ?



बलिउड अभिनेत्री भूमि पेडनेकरले केही समयअगाडि आफ्नो छालासम्बन्धी समस्या 'एक्जिमा' को अनुभव सार्वजनिक गरेकी थिइन्। उनले इन्स्टाग्राम स्टोरीमार्फत यो रोगले आफूलाई निकै असुविधा पुऱ्याउने गरेको बताएकी थिइन्। भूमिले इन्स्टाग्राममा लेखेकी थिइन् 'जब म यात्रा गर्छु, खानपान बिग्रन्छ वा तनावमा पर्छु , तब मेरो एक्जिमा बढ्छ। यसले धेरै पीडा र असुविधा दिन्छ।' उनले चाँडै नै यसबारे विस्तृत रूपमा बोल्ने प्रतिबद्धता पनि गरेकी थिइन्।

**एक्जिमा के हो ?**

यूकेको नेशनल हेल्थ सर्भिस (एनएचएस) का अनुसार, एक्जिमा एउटा छालाको समस्या हो जसमा छाला सुख्खा हुने, चिलाउने र कहिलेकाहीँ फाट्ने गर्छ। छाला रोग विशेषज्ञका अनुसार, यसका विभिन्न प्रकार हुन्छन्। यो समस्या वंशाणुगत कारणले वा शरीरमा आवश्यक भिटामिनको कमीका कारण देखिन सक्छ। त्यस्तै, एक्जिमामा छाला सुख्खा हुने, कहिलेकाहीँ रगत आउन सक्ने अवस्था पनि हुन्छ। साथै, कपडा, जुत्ता वा अरू वस्तुको सम्पर्कबाट पनि एक्जिमा हुने सम्भावना हुन्छ।

**एक्जिमाका प्रकार**

एनएचएसका अनुसार, एक्जिमाका मुख्य प्रकार यस्ता छनः

**एटोपिक एक्जिमा :** यो प्रायः बच्चामा देखिन्छ। छाला सुख्खा र चिलाउने समस्या हुन्छ। पूर्णरूपमा निको नभए पनि औषधि र हेरचाहले नियन्त्रण गर्न सकिन्छ।

**भरिकोज एक्जिमा :** यो खुट्टाको तल्लो भागमा हुन्छ र लामो समयसम्म रहिरहन्छ। यसले छाला सुकेर फुस्रो पार्छ र रङ परिवर्तन गर्न सक्छ।

**डिस्कोइड एक्जिमा :** छाला गोल वा अण्डा आकारमा फाट्ने हुन्छ। सुन्निने र चिलाउने लक्षण देखिन्छ।

**कन्ट्याक्ट एक्जिमा :** कुनै वस्तुको सम्पर्कबाट हुन्छ। यसमा छालामा चिलाउने, फाट्ने र फोका आउन सक्ने हुन्छ।

**लक्षण र उपचार**

एक्जिमा कुनै पनि उमेरमा सुरू हुन सक्छ, तर प्रायः बालबालिकामा देखिने र उमेरसँगै सुधार हुने गर्छ। यसको लक्षणमा छाला सुख्खा हुनु, चिलाउनु, फाट्नु, फुस्रो हुनु, रङ परिवर्तन हुनु, फोका आउनु वा रगत आउनु हो। छाला रोग विशेषज्ञहरूका अनुसार, उपचारमा आवश्यकताअनुसार स्टेरोइड औषधि प्रयोग गरिन्छ। तर, सबैभन्दा महत्वपूर्ण भनेको निरन्तर मोइस्चराइजेशन हो। शरीरमा कमी भएको तत्वलाई पूरा गर्नु पनि जरुरी हुन्छ।

त्यस्तै, एक पटक यो समस्या भएपछि यसको कारण पत्ता लगाएर सावधानी अपनाउनुपर्छ। साथै बिरामीसँग अरू गम्भीर समस्या त छैन भनेर पनि जाँच्नुपर्ने हुन्छ।

**भूमि पेडनेकरको फिल्मी यात्रा**

भूमिले आफ्नो फिल्मी करियरको सुरुवात सन् २०१५ मा आयुष्मान खुरानासँगको फिल्म 'दम लगा के हईशा' बाट गरेकी थिइन्। यस फिल्मका लागि उनले तौल बढाउनुपरेको थियो, जसका कारण पनि उनी धेरै चर्चामा आएकी थिइन्।

त्यसपछि उनले 'ट्वाइलेट : एक प्रेम कथा', 'शुभ मंगल सावधान', 'सोनचिड़ृयिा', 'साण्डकी आँख', 'भीड़', 'भक्षक' लगायतका फिल्ममा अभिनय गरिन्। हालै उनी नेटफ्लिक्समा आएको सिरिज 'द रा'यल्स' मा देखिएकी थिइन्। भूमि प्रायः सामाजिक सन्देश दिने खालका फिल्ममा देखिने गर्छिन्।

# मधेस प्रदेशमा तीन दलद्वारा संयुक्त रूपमा सरकार गठनको दाबी




जनकपुरधाम, २२ असोज। मधेस प्रदेशमा मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा दिएका छैनन्। यस्तो अवस्थामा प्रदेशका तीन दल ठुला दल नेकपा एमाले, नेपाली कांग्रेस र जनमत पार्टीले संयुक्त रूपमा नयाँ सरकार गठनको दाबी प्रस्तुत गरेका छन्। बुधबार तीनै दलका नेताहरूले प्रदेश प्रमुखसमक्ष संयुक्त दाबीपत्र बुझाउँदै नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवलाई नयाँ मुख्यमन्त्रीका रूपमा अघि सारेका हुन्। संविधानको धारा १६८(२) बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त सरकार गठन गर्न सकिने प्रावधानअनुसार दाबी गरिएको हो।

तीन दलका ५८ जना सांसदहरू अहिले प्रदेशसभामा कायम कुल सदस्य संख्याको बहुमत भएको दाबी गर्दै यादवलाई मुख्यमन्त्री नियुक्त गर्न माग गरिएको छ। जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले सञ्चारकर्मीहरूसँग प्रतिक्रिया दिँदै भने, 'जेनजी आन्दोलनको क्रममा मुख्यमन्त्रीले राजीनामा दिएको र त्यसअनुसार पार्टीले समर्थन फिर्ता पनि बोलाएको थियो। तर उहाँ नआएपछि यस्तो कदम चाल्न बाध्य भयौँ,' उनले थपे, 'जनताको चाहनाअनुसार फिर्ता हुनुपर्नेमा मुख्यमन्त्रीले ढिपी कसेर पदमा बसिरहनु पार्टी हितविपरीत छ।'

उनका अनुसार दलहरूले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री पदमा बसिरहनुको औचित्य छैन। 'यदि अहिले पनि राजीनामा नदिने हो भने तीस दिनपछि उहाँ स्वाभाविक रूपमा पदमुक्त हुनुहुनेछ, त्यसपछि पुनः बहुमतका आधारमा नयाँ सरकार गठन हुनेछ,' उनले भने। यद्यपि बुधबार दिनभर मुख्यमन्त्री सिंहले राजीनामा बुझाउने चर्चा चले पनि समाचार लेख्दासम्म मुख्यमन्त्रीको राजीनामा प्रदेश प्रमुख कार्यालयमा पुगेको छैन।

# बाढीपहिरोबाट क्षति पुगेका सडकको पुनर्निर्माणमा १२ अर्ब रुपैयाँ लाग्ने अनुमान



काठमाडौं, २२ असोज। गएको असोज १८, १९ तथा २० गते र त्यसअगाडिको बाढीपहिरोका कारण क्षति पुगेका सडकको संरचनाका पुनर्निर्माणका लागि झन्डै १२ अर्ब ३८ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यस वर्षको मनसुनजन्य विपद्बाट क्षति पुगेका मुख्य राजमार्ग, वैकल्पिक सडक, बेलिब्रिज र स्थायी पुल पुनर्निर्माणका लागि १० अर्ब ६८ करोड रुपैयाँ लाग्ने अनुमान गरेको छ।

त्यस्तै गएको वर्षको विपद्बाट क्षति पुगेका संरचना पुनर्निर्माणका लागि एक अर्ब ७० करोड रुपैयाँ बाँकी रहेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री कुलमान घिसिङले बाढीपहिरोबाट क्षति पुगेर अवरुद्ध भएका सडक सञ्चालन गर्न उच्च प्राथमिकतामा राखेर मातहतका निकायले काम गरिरहेको बताउनुभयो।

यस वर्षको मनसुनजन्य विपद्बाट सबैभन्दा धेरै क्षति मेची राजमार्गमा भएको छ। मेची राजमार्गको पुनर्निर्माणका लागि डेढ अर्ब रुपैयाँ लाग्ने अनुमान छ। क्षति भएका कोशी, मध्यपहाडी, हुलाकी, अरनिको, कान्ति, नारायणगढ–मुग्लिनलगायतका राजमार्गको पुनर्निर्माणका लागि झन्डै तीन अर्ब ७७ करोड रुपैयाँ लाग्ने अनुमान छ। त्यस्तै, क्षति पुगेका १७ वटा स्थायी पुल पुनर्निर्माणमा चार अर्ब ५२ करोड रुपैयाँ लाग्ने अनुमान छ। क्षति पुगेका र सडक सञ्चालनका लागि राख्नु पर्ने नयाँ पर्ने बेलिब्रिजका लागि ८० करोड रुपैयाँ लाग्ने अनुमान छ। वैकल्पिक सडक पुनर्निर्माणका लागि एक अर्ब ५९ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ।

# प्रहरीको दाँत झारेको आरोपमा वडाध्यक्ष पक्राउ

**जनार्जन खत्री**



सर्लाही, २२ असोज। प्रहरीलाई कुटपिट गरेको र प्रहरी चौकीमा आक्रमण गरेको आरोपमा सर्लाहीको गोडैता नगरपालिका–७ का वडाध्यक्ष छोटेलाल भन्ने विनेशकुमार दासलाई प्रहरीले पक्राउ गरेको छ। ४० वर्षीय वडाध्यक्ष दासलाई मंगलबार सर्लाहीको बागमती नगरपालिकास्थित इलाका प्रहरी कार्यालय कर्मैया अगाडिबाट पक्राउ गरिएको सर्लाही प्रहरीका सूचना अधिकारी एवं डिएसपी सरोज राईले बताउनुभयो। वडाध्यक्ष दासको नेतृत्वमा असोज १७ गते साँझ प्रहरी चौकी गोडैतामा ढुङ्गामुढा गरेको र प्रहरी कर्मचारीलाई कुटपिट गरेको आरोप लागेको छ। आक्रमणबाट प्रहरी चौकी गोडैताका इन्चार्ज एवं प्रहरी नायब निरीक्षक (सई) अवधेशप्रसाद यादवको अगाडिको दुई वटा दाँत भाँचिएको डिएसपी राईले बताउनुभयो। उहाँका अनुसार प्रहरी चौकीमा कार्यरत अन्य पाँच जना कर्मचारीसमेत घाइते भएका छन्।

प्रहरी चौकीमा ढुङ्गामुढा र बाँसको भाठा प्रहार हुँदा तीन वटा मोटरसाइकलमा क्षति पुगेको प्रहरीले दाबी गरेको छ। दुर्गा पूजाका लागि चन्दा उठाउने विषयमा गोडैता नगरपालिका–७, मा स्थानीय कारिल यादवलाई सर्लाहीकै रामनगर गाउँपालिका–५ बस्ने अनिलराय यादवलगायतले कुटपिट गरेको विषयलाई लिएर कारिल यादव पक्षका वडाध्यक्ष दाससहितले प्रहरी चौकीमा आएर आक्रमण गरेको आरोप लागेको छ।

कारिल यादवलाई कुटपीट गर्ने ठेकेदारसमेत रहेका अनिलराय यादव प्रहरीको नियन्त्रणमा रहेका छन्। कारिल यादव कुटिएको विषयमा प्रहरी चौकीमा छलफल भएको छ।

प्रहरीले वडाध्यक्ष विनेशकुमार दासलाई जिल्ला प्रहरी कार्यालय मलंगवाको हिरासतमा राखेको छ। उहाँलाई कुटपीट, अङ्गभङ्ग, ज्यान मार्ने उद्योग तथा आपराधिक उपद्रो कसुरमा बुधबार सर्लाही जिल्ला अदालतबाट म्याद थप गर्ने तयारी भइरहेको डिएसपी राईले बताउनुभयो।

वडाध्यक्ष दासलाई प्रहरीले पक्राउ गरेको विरोधमा बुधबार बिहानैदेखि गोडैता बजार बन्द गराइएको छ। गोडैता नगरपालिकाका प्रमुख देवेन्द्रकुमार यादवले वडाध्यक्ष दासलाई राजनीतिक पूवाग्रह राखेर पक्राउ गरिएको बताउनुभएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)